# छनौट

छनौट भन्नाले सम्भावित विकल्पहरुको दायराबाट कुन राम्रो सेवा वा खरिद गर्ने वा उपलब्ध गराउने भन्ने निर्णय गर्ने उपभोक्ता वा उत्पादकको क्षमतालाई जनाउँछ । छनौत गर्न स्वतन्त्र हुनलाई आर्थिक कल्याण र विकास आधारभुत सूचक मानिन्छ ।

मानिसका चाहनाहरु वा आवश्यकताहरु धेरै छन् । ती चाहनाहरु वा आवश्यकताहरु पूरा गर्न आवश्यक स्रोत र साधनहरुको उपलब्धता सीमित छन् । त्यसैले मानिसका सबै चाहना वा आवश्यकताहरु पूरा हुनसक्दैन् र उनीहरुले छनौट गर्नुपर्दछ ।

**छनौट निम्न तरिकाहरुमा लागू हुन्छन् ।**

**उपभोक्ताहरु :–** अभावका कारण उनीहरु सधैं ती सामानहरु छनौट गर्नुपर्दछ, जसले उनीहरुलाई सबैभन्दा उपयोगीता दिन्छ ।

**उत्पादकहरु :–** सीमित बजेटका कारण उत्पादकहरुले अधिकतम नाफा दिने उत्पादकहरु छनौट गर्नुपर्दछ ।

**सरकार :–** सरकारले पनि स्रोतसाधनको सीमितताको सामना गर्नुपरेको हुन्छ र त्यसले जनताको हितलाई अधिकतम बनाउने कार्यक्रमहरु र आयोजनाको छनौट गर्नुपर्दछ ।